# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड

मिति २०८१ साल आषाढ ३० गते आइतबारका दिन नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौमा सम्पन्न

## दशौं र एघारौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

### १. पृष्ठभूमी

रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडको दशौं र एघारौं वार्षिक साधारण सभा मिति २०८१ साल आषाढ ३० गते आइतबार (तदनुसार १४ जुलाई, २०२४) मा प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौमा सम्पन्न भयो । कम्पनी सचिव श्री नरनाथ न्यौपानेले सभाहलमा कम्पनीको संचालक समितिका अध्यक्ष, संचालकहरु, प्रवन्ध संचालक, कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधि, लेखापरीक्षक, शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि. का प्रतिनिधि, संस्थापक शेयरधनीका प्रतिनिधिहरुलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै दशौं र एघारौं वार्षिक साधारण सभामा सहभागिता जनाउनुहुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्नुभयो । कम्पनीको संचालक समितिका अध्यक्ष श्री सुभाष कुमार मिश्रले सभाको अध्यक्षता गर्नुभए पश्चात सभाध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवबाट सभा संचालन भयो ।

साधारण सभामा अध्यक्षज्यूले आ.व. २०७८/०७९ र २०७९/०८० को संयुक्त वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । ततपश्चात साधारण सभामा छलफलका लागि निर्धारित विषयहरु प्रस्तुत भई सो उपर छलफल तथा निर्णय भएको थियो ।सभा विहान ११:०० बजे शुरु भई निर्धारित विषय सूची अनुसारका विषयहरुमा छलफल तथा निर्णय गरी सर्वसाधारण शेयरधनी समुह अन्तर्गतका शेयरधनीहरुको तर्फबाट कम्पनीको संचालक समितिमा प्रतिनिधित्व गर्ने कम्तिमा १ महिला सहित ४ जना संचालकको निर्वाचन बाहेकको कार्यक्रम दिउँसो १:३० बजे सम्पन्न भएको थियो भने निर्वाचनको कार्यक्रम भने निर्वाचन अधिकृतद्धारा संचालक निर्वाचित भएको घोषणा भए पश्चात साँझ ८:०० बजे सम्पन्न भएको थियो ।

### २. सभाको सूचना

कम्पनीको दशौं र एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना प्रथम पटक मिति २०८१/०२/१३ मा र दोस्रो पटक साधारण सभाको मिति र स्थान परिवर्तन भएको जानकारी दिन मिति २०८१/०३/०३ मा र तेस्रो पटक मिति २०८१/०३/२३ मा कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । साथै सभाको सूचना, विषय सूची, आ.व. २०७८/०७९ र २०७९/०८० को वासलात, नगद प्रवाह विवरण र अनुसूचीहरु सम्मिलित वार्षिक प्रतिवेदन संस्थापक शेयरधनीहरु तथा सम्पर्कमा रहेका साधारण शेयरधनीहरुको ठेगानामा समेत पठाईएको थियो ।

### ३. उपस्थिति

**(क) कम्पनीका संचालक समिति तथा व्यवस्थापनका पदाधिकारीहरु :**

| | | |
|---|---|---|
| १. | श्री सुभाष कुमार मिश्र | अध्यक्ष |
| २. | श्री राम प्रसाद रिमाल | संचालक |
| ३. | श्री ध्रुव प्रसाद अधिकारी | संचालक |
| ४. | श्री राजन ढकाल | संचालक |

५. श्री छवि लाल गैह्रे — प्रवन्ध संचालक
६. वरिष्ठ अधिवक्ता श्री मेघराज पोखेल — कानूनी सल्लाहकार
७. श्री सत्य राम ज्याख्व — आयोजना प्रमुख
८. श्री धर्मराज शर्मा — प्रमुख, वित्त महाशाखा
९. श्री सरोज अधिकारी — प्रमुख, प्रशासन महाशाखा
१०. श्री प्रदिप मानन्धर — प्रमुख करार प्रशासन महाशाखा
११. श्री पुष्कर अमात्य — प्रमुख, निर्माण महाशाखा
१२. श्री विष्णु शिवाकोटी — सिनियर जियोलोजिष्ट
१३. श्री नरनाथ न्यौपाने — कम्पनी सचिव

**(ख) आमन्त्रित :**

१. श्री नविन कुमार भट्टराई — कम्पनी रजिष्ट्रारको कार्यालय
२. श्री प्रतिक खनाल — लेखापरीक्षक, आ.व. २०७८/०७९ र आ.व. २०७९/०८० (प्रतिनिधि मार्फत)
३. श्री सन्दीप कार्की — प्रमुख कार्यकारी अधिकृत, शेयर रजिष्ट्रार, सिद्धार्थ क्यापिटल लिमिटेड
४. श्री प्रजेश विक्रम थापा — प्रमुख कार्यकारी अधिकृत, चिलिमे इञ्जिनियरिङ्ग एण्ड सर्भिस सेन्टर

**(ग) संस्थापक शेयरधनीका प्रतिनिधिहरु :**

१. श्री शम्भु माझी — प्रतिनिधी, चिलिमे जलविद्युत कम्पनी लिमिटेड
२. श्री नवराज बस्नेत — प्रतिनिधी, नेपाल विद्युत प्राधिकरण
३. श्री नविन गिरी — नौकुण्ड गाउँपालिका, रसुवा

**(घ) सर्वसाधारण समुह तर्फका शेयरधनीहरु :**

आ.व. २०७९/०८० सम्ममा कम्पनीले सर्वसाधारण शेयरधनी समुह अन्तर्गतका शेयरधनीहरुलाई छुट्याइएको जारी पूँजीको ४९% शेयरको सतप्रतिशत नै निष्काशन तथा बाँडफाँड गरिसकेको छ । उक्त शेयर बाँडफाँड पश्चात साधारण सभा प्रयोजनार्थ शेयरधनी दर्ता पुस्तिका बन्द मिति (Book Closed Date) २०८१/०२/२३ मा कायम शेयरधनीहरु मध्येबाट दशौं र एघारौं वार्षिक साधारण सभामा शेयर रजिष्ट्रारबाट प्राप्त जानकारी अनुसार २२८ जना शेयरधनीहरु स्वयं र ६,१५३ जना शेयरधनीहरु आफ्ना प्रतिनिधि (Proxy) मार्फत सभामा उपस्थिति हुनुभएको थियो ।

**४. सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु**

दशौं र एघारौं साधारण सभाको विषयसूचीमा रहेका निम्न विषयहरु छलफल तथा निर्णयका लागि सभामा प्रस्तुत गरिएको थियो:

**(क) सामान्य प्रस्ताव**

१. संचालक समितिको तर्फबाट पेश हुने आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ साल आषाढ मसान्तको वासलात तथा आ.ब. २०७८/०७९ को आर्थिक विवरणहरु (नाफा/(नोक्सान) हिसाव, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु) माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. संचालक समितिको तर्फबाट पेश हुने आ.ब. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

४. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० साल आषाढ मसान्तको वासलात तथा आ.व. २०७९/०८० को आर्थिक विवरणहरु (नाफा/(नोक्सान) हिसाव, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु) माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

५. कम्पनीको आ.व. २०७९/०८० का लागि श्री महालेखापरीक्षको कार्यालयबाट सिफारिस भई श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट नियुक्त लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा ।

६. कम्पनीको आ.व. २०८०/०८१ का लागि वाह्य लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव**

१. संचालक समितिका सदस्यहरुको बैठक भत्ता तथा सुविधा सम्बन्धमा ।
२. कम्पनीको संचालक समितिमा सर्वसाधारण समुहबाट प्रतिनिधित्व गर्ने १ जना महिला सहित ४ जना संचालकको निर्वाचन सम्वन्धमा ।
३. कम्पनीको संचालक समितिमा रहने २ जना स्वतन्त्र संचालकको मनोनयन/ निर्वाचन सम्बन्धमा ।

## ५. गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व

कम्पनीको चुक्ता पूँजी रु. ६,८४,२१,००,००० अर्थात रु. १०० अंकित दरका ६,८४,२१,००० कित्ता शेयर मध्ये संस्थापक शेयरधनी समुहका लागि ५१% अर्थात ३,४८,९४,७१० कित्ता र सर्वसाधारण शेयरधनी समुहका लागि ४९% अर्थात ३,३५,२६,२९० कित्ता शेयर बाँडफाँड गरिएको छ । जसमा उक्त बाँडफाँड अनुसार संस्थापक शेयरधनी समुहबाट ३,४७,८०,०७० कित्ता (५०.८३%) शेयर धारण गर्ने प्रतिनिधिहरु र सर्वसाधारण शेयरधनी समुहबाट स्वयं तथा प्रतिनिधि (Proxy) मार्फत ५१,७१,६६९ कित्ता (७.५६%) शेयर धारण गर्ने शेयरधनीहरु सभा स्थलमा उपस्थित भई हाजिरी जनाउनु भएको हुँदा दुबै समुहका गरी जम्मा ३,९९,५१,७३९ कित्ता (५८.३९%) शेयर धारण गर्ने शेयरधनीहरुबाट कम्पनीको यस दशौं र एघारौं वार्षिक साधारण सभामा प्रतिनिधित्व भएको हुँदा उक्त शेयर संख्या आवश्यक गणपुरक संख्या भन्दा माथि रहेको थियो ।

## ६. सभाको वैधानिकता

कम्पनीको चुक्ता पूँजीको ५०.८३% शेयर धारण गर्ने मुख्य संस्थापक शेयरधनीहरु आफ्ना प्रतिनिधि मार्फत सभास्थलमा उपस्थित भएका र ७.५६% शेयर धारण गर्ने सर्वसाधारण समुहका शेयरधनी तथा निजका प्रतिनिधिहरुको समेत सभामा उपस्थिति रहेकाले जम्मा ५८.३९% शेयरधनीको प्रतिनिधित्व सभामा भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७३ र कम्पनीको नियमावलीको नियम

२३ बमोजिम साधारण सभा संचालन गर्नको लागि गणपुरक संख्या पुगेको कुरा जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा सभास्थलमा उपस्थित शेयरधनीहरुको सभाले गणपुरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा बैठक संचालन गर्न अनुमति प्राप्त भएको थियो । सो पश्चात दशौं र एघारौं वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीका संचालक समितिका अध्यक्ष श्री सुभाष कुमार मिश्रज्यूले गर्नुभयो ।

## ७. सभा संचालन, प्रतिवेदन प्रस्तुत तथा प्रस्ताव उपर छलफल

प्रकाशित सूचनामा उल्लेखित विषयसूची अनुसार साधारण सभाको कार्यक्रम संचालन गर्न सभाका अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि कम्पनी सचिवले सभाध्यक्षज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नहुन अनुरोध गर्नुभयो । अध्यक्षज्यूले सर्वप्रथम समयमा साधारण सभा सम्पन्न गर्न नसक्नुमा आयोजना प्रभावित रसुवा जिल्लाका स्थानियबासीका लागि निष्काशन तथा बाँडफाँड गरिएको शेयरको Lock-in का विषयमा नेपाल धितोपत्र बोर्डमा स्थानिय शेयरधनीहरुको माग बमोजिम कम्पनीको तर्फबाट पत्राचारहरु भएको जानकारी गराउनु भएको । तर बोर्डबाट सो सम्बन्धमा लामो समयसम्म कुनै प्रतिक्रिया प्राप्त नभएकाले समयमा उक्त शेयर नेपाल स्टक एक्सचेन्ज लि. मा सूचिकरण गर्न नसक्दा शेयरधनीहरुको हितग्राही खातामा शेयर प्रविष्ट नभएका कारण साधारण सभा प्रयोजनार्थ शेयरधनीहरुको दस्तखत प्रमाणीकरण हुन नसक्ने हुँदा साधारण सभा आयोजना गर्न कठिनाई हुने धारणा कम्पनीको शेयर रजिष्टारबाट प्राप्त भएकाले लेखापरीक्षण लगायत सम्पूर्ण कार्यहरु समयमा नै सम्पन्न गरिएको भएता पनि साधारण सभा भने गत आ.व. र यस आ.व. मा समेत समयमा सम्पन्न गर्न नसकिएको व्यहोरा शेयरधनीहरु समक्ष अनुरोध गर्दै अध्यक्षज्यूले संचालक समितिको तर्फबाट आ.व. २०७८/०७९ र २०७९/०८० को संयुक्त वार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो । अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि शेयरधनीहरुलाई उक्त प्रतिवेदन तथा उपलब्ध गराइएको लेखापरीक्षण प्रतिवेदन सहितको आ.व. २०७८/०७९ र २०७९/०८० को आर्थिक विवरण र संलग्न अनुसूचीहरु उपर आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न अनुरोध गरियो ।

## ८. शेयरधनीहरुको जिज्ञासा तथा राय सुझावहरु

अध्यक्षज्यूबाट प्रस्तुत भएको संयुक्त वार्षिक प्रतिवेदन र साधारण सभा सम्बन्धी विविध विषयहरुमा शेयरधनीहरुबाट सल्लाह, सुभाव तथा जिज्ञासाहरु सहितको मन्तब्य प्रस्तुत भएको थियो । सभामा संस्थापक शेयरधनी संस्था श्री नेपाल विद्युत प्राधिकरणका प्रतिनिधि श्री नवराज बस्नेत र सर्वसाधारण शेयरधनीहरु श्री भक्ती प्रसाद उप्रेती, श्री डमरु बल्लभ घिमिरे, श्री रोज कुमार श्रेष्ठ, श्री बैजुनाथ रौनियार, श्री युगल नारायण बसेल, श्री लक्ष्मण बहादुर श्रेष्ठ र श्री कृष्ण प्रसाद अधिकारीले आ-आफ्नो धारण राख्नुभएको थियो ।

शेयरधनीहरुबाट विशेषगरी साधारण सभा समयमा सम्पन्न नभएको, निर्माणाधीन आयोजनाबाट व्यापारिक विद्युत उत्पादन गर्न कम्पनीको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्यहरु सम्पन्न गरिएको भएतापनि नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) बाट समयमा प्रशारण संरचनाहरु सम्पन्न नहुँदा आयोजनाबाट व्यापारिक विद्युत उत्पादन गर्न नसक्नु दुखको विषय भएको, समयमा प्रशारण संरचना उपलब्ध नगराए वापत ने.वि.प्रा. बाट क्षतिपूर्ति प्राप्त नभएको, प्रतिवेदनमा संचालक समितिको

बैठकको विवरण समावेश नगरिएको, कम्पनीद्धारा प्रकाशित वार्षिक प्रतिवेदनमा टिपोटका लागि खाली पाना नहुनुका साथै प्रतिवेदनको Binding राम्रो नभएको, लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित NEA Overhead Cost का बारेमा स्पष्ट रुपमा उल्लेख नगरिएको, आयोजना सम्पन्न हुने लक्षित अवधि प्रष्ट नलेखिएको, भन्ने जस्ता विषयहरुमा आ-आफ्नो जिज्ञासा राख्नुका साथै उल्लेखित विषहरुमा संचालक समितिबाट स्पष्टताका लागि अनुरोध गर्नुभएको थियो ।

त्यसैगरी शेयरधनीहरुले कम्पनीले विद्युत बिक्रीबाट आम्दानी गर्न नसकेकाले संचालकहरुको भत्ता तथा सुविधा बृद्धि गर्ने प्रस्ताव आगामी वार्षिक सभामा मात्र पेश गर्न, संचालक समितिको आकार ठूलो भएकाले घटाउने सम्बन्धमा विशेष प्रस्ताव ल्याउन, आगामी आ.व.का साधारण सभाहरु समयमै सम्पन्न गर्ने व्यवस्था मिलाउन, साधारण सभामा वक्ता शेयरधनीहरुलाई वार्षिक प्रतिवेदन सभा हुनुभन्दा अगावै उपलब्ध गराउन, शेयरधनीहरुलाई छिटो भन्दा छिटो लाभांश उपलब्ध गराउने गरी काम गर्न र प्रतिवेदन नेपाली भाषामा छपाई गर्न सल्लाह तथा सुझाव समेत दिनुभयो ।

## ९. संचालक समितिको तर्फबाट शेयरधनीहरुको जिज्ञासाका सम्बन्धमा अध्यक्षज्यूको धारण

शेयरधनी महानुभावहरुले उठाउनु भएको विषयवस्तुहरु निकै महत्वपुर्ण रहेको भन्दै अर्थपुर्ण छलफल र सुझावका लागि अध्यक्षज्युले शेयरधनीहरुलाई धन्यबाद दिनुभयो । त्यसैगरी, अध्यक्षज्युले साधारण सभा समयमा सम्पन्न गर्न नसकेकोमा र कम्पनीको तर्फबाट भएका कमिकमजोरीहरु प्रति क्षमायाचना गर्दै शेयरधनीहरुका जिज्ञासाका बारेमा धारण राख्नुभएको थियो ।

कम्पनीद्धारा निर्माणाधीन रसुवागढी जलविद्युत आयोजनाबाट व्यापारिक विद्युत उत्पादन गर्न कम्पनीको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्यहरु सम्पन्न गरिएको भएतापनि नेपाल विद्युत प्राधिकरण ( ने.वि.प्रा.) संग भएको ग्रिड कनेक्सन सम्झौता (Grid Connection Agreement) बमोजिम ने.वि.प्रा. बाट नै निर्माणाधिन चिलिमे हव सवस्टेशन, २२० के.भी. चिलिमे त्रिशुली ३ बी प्रशारण लाइनको निर्माण कार्य सम्पन्न हुन नसकेको र सम्झौता बमोजिम चिलिमे हव सवस्टेशनबाट १३२ के.भी. को Back Charge उपलब्ध नहुँदा सो को प्राप्ति पश्चात गर्नुपर्ने Wet Commissioning का कार्यहरु सम्पन्न गरी विद्युत प्रशारण (Power Evacuation) गर्न नपाउँदा व्यापारिक विद्युत उत्पादन (Commercial Operation Date-COD) गर्न नसकिएको, उक्त प्रशारण संरचनाको निर्माणको सम्बन्धमा कम्पनीले ने.वि.प्रा. संग निरन्तर समन्वय गरिरहेको, संरचना निर्माण स्थलहरु निकै कठिन भौगर्भिक स्थानमा रहेकाले समयमा सम्पन्न हुन नसकेको जानकारी ने.वि.प्रा. बाट प्राप्त भएको, कम्पनी र ने.वि.प्रा. का सम्बन्धित पदाधिकारीहरु रहेको समन्वय समिति (Coordination Committee-CC) को पछिल्लो बैठकमा भएको छलफल बमोजिम कुनै काबु बाहिरको परिस्थिति उत्पन्न नभएमा अबको १ महिना भित्रमा उक्त संरचनाहरुको निर्माण सम्पन्न हुने मौखिक जानकारी कम्पनीलाई प्राप्त भएको र ने.वि.प्रा. संग भएको ग्रिड कनेक्सन सम्झौता (Grid Connection Agreement) बमोजिम कम्पनीले ने.वि.प्रा. समक्ष नियमानुसार क्षतिपूर्तिका लागि पत्राचार गरिसकेको व्यहोरा समेत अध्यक्षज्यूले सभा समक्ष जानकारी गराउनु भयो ।

त्यसैगरी प्रतिवेदनमा संचालक समितिको बैठकको विवरण समावेश गरिएको, कम्पनीद्धारा प्रकाशित हुने आगामी वार्षिक प्रतिवेदनमा टिपोटका लागि खाली पाना राखिनुका साथै लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित NEA Overhead Cost ने.वि.प्रा. बाट दक्ष र अनुभवी कर्मचारी यस कम्पनीमा काजमा खटिए वापत उक्त कार्यालयलाई प्रति कर्मचारी १ वर्षको आधाभुत तलब बराबर भुक्तान गरिएको रकम रहेको र व्यवहारिक र चलनचल्तीका आधारमा वार्षिक प्रतिवेदनका सबै विषयवस्तुहरु नेपाली भाषामा राख्ने विषयमा लेखापरीक्षकसंग छलफल गरिने व्यहोराका सम्बन्धमा समेत अध्यक्षज्जूबाट सभामा धारण व्यक्त भयो ।

RASUWAGADHI HYDROPOWER CO. LTD. 2011-4-0

शेयरधनीहरुको सुझावलाई ग्रहण गर्दै अध्यक्षज्यूले यो कार्यकाल सम्पन्न भए पश्चात संचालक समितिलाई सानो आकारको बनाउने विषयमा छलफल गरिने र आयोजनाबाट उत्पादित विद्युत बिक्री वितरणबाट आम्दानी भए पश्चात शेयरधनीहरुलाई प्रतिफल उपलब्ध गराउने विषयमा कम्पनीले विशेष ध्यान दिइरहेको धारणा पनि व्यक्त गर्नुभयो । अन्त्यमा अध्यक्षज्यूबाट शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको धारण र विश्वासबाट आफु र कम्पनीलाई निकै गर्व महसुस हुनुका साथै यसबाट अझ थप हौसला प्राप्त भएको र शेयरधनीहरुको आशा र भरोशालाई निराशामा परिणत हुन नदिने प्रतिवद्धता व्यक्त गर्दै सम्पूर्ण शेयरधनीलाई पुन: धन्यवाद दिनुभयो ।

## १०. निर्णयहरु

शेयरधनीहरुबाट उठाइएका जिज्ञासाका सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले स्पष्ट पार्नुभए पश्चात कम्पनी सचिवबाट दशौं र एघारौं वार्षिक साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिमका प्रस्तावहरु स्वीकृतिका लागि निम्नानुसार क्रमश: पेश भयो ।

**(क) सामान्य प्रस्ताव तर्फ**

१. साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्युले प्रस्तुत गर्नुभएको आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन माथिको छलफल र त्यसमा राय प्रतिकृया व्यक्त गर्ने कार्य सम्पन्न भई संचालक समितिबाट शेयरधनीहरुको जिज्ञासालाई स्पष्ट पार्ने कार्य समेत सकिएकोले उक्त बार्षिक प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गर्ने निर्णय भएकोले सभाका अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवबाट उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषणा भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित लेखापरीक्षण भएको कम्पनीको आ.व. २०७८/०७९ को आर्थिक विवरणहरु (२०७९ साल आषाढ मसान्तसम्मको वासलात र आ.व. २०७८/०७९ को नगद प्रवाह विवरण र अनुसूचीहरु) स्वीकृतीको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय भएकोले सभाका अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवबाट उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषणा भयो ।

३. साधारण सभामा संचालक समितिको तर्फबाट समितिका अध्यक्षज्युले प्रस्तुत गर्नुभएको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन माथिको छलफल सम्पन्न भएकाले उक्त बार्षिक प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गर्ने निर्णय भएकोले सभाका अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवबाट उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषणा भयो ।

४. लेखापरीक्षकको प्रतिवेदन सहित लेखापरीक्षण भएको कम्पनीको आ.व. २०७९/०८० को आर्थिक विवरणहरु (२०८० साल आषाढ मसान्तसम्मको वासलात र आ.व. २०७९/०८० को नगद प्रवाह विवरण र अनुसूचीहरु) स्वीकृतीको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय भएकोले सभाका अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवबाट उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषणा भयो ।

५. कम्पनीको आ.ब. २०७९/०८० को लेखापरीक्षण गर्न श्री महालेखापरीक्षकको कार्यालयबाट सिफारिस हुनुभएका लेखापरीक्षक चार्टर्ड एकाउण्टेण्ट श्री प्रतिक खनाललाई गत वर्षको लेखापरीक्षण शुल्क मु.अ.क. बाहेक रु.१ लाख नब्बे हजारमा रु.१ लाख १० हजारले बृद्धि गरि मु.अ.क. बाहेक रु. ३ लाख उपलब्ध गराउने गरी लेखापरीक्षकमा नियुक्त गर्न उक्त आ.व. मा साधारण सभा हुन नसकेकाले निजको नियुक्तीका लागि श्री कम्पनी रजिष्ट्रार कार्यालयमा अनुरोध गरिएको र कम्पनीको अनुरोध बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट भएको निजको नियुक्ति तथा पारिश्रमिक अनुमोदनका लागि शेयरधनीज्यूहरु समक्ष अनुरोध गरिएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय भएकोले सभाका अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवबाट उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषणा भयो ।

६. कम्पनीको आ.ब. २०८०/०८१ को लेखापरीक्षण गर्न श्री महालेखापरीक्षकको कार्यालयबाट सिफारिस हुनुभएका लेखापरीक्षक चार्टर्ड एकाउण्टेण्ट श्री प्रतिक खनाललाई गत वर्षको लेखापरीक्षण शुल्क मु.अ.क. बाहेक रु. ३ लाख उपलब्ध गराउने गरी लेखापरीक्षकमा नियुक्त गर्न स्वीकृतीका लागि शेयरधनीज्यूहरु समक्ष अनुरोध गरिएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय भएकोले सभाका अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवबाट उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषणा भयो ।

७. सामान्य प्रस्तावको विविध अन्तर्गत कुनै पनि प्रस्ताव दर्ता नभएको व्यहोरा कम्पनी सचिवबाट सभामा जानकारी गराईयो ।

**(ख) विशेष प्रस्ताव तर्फ**

१. यस कम्पनीका संचालकहरुलाई बैठकमा उपस्थित भए वापत उपलब्ध हुने बैठक भत्ता र मासिक रुपमा उपलब्ध. हुने यातायात तथा संचार सुविधालाई समय सापेक्षित तथा संस्थापक र भगिनी कम्पनीहरुसंग एकरुपता कायम हुनेगरी परिमार्जन गर्न हाल रु. ६,००० रहेको संचालक समितिको बैठक भत्तामा रु. ३,००० ले बृद्धि गरी रु. ९,००० र हाल रु. १,५०० रहेको यातायात सुविधा र रु. १,००० रहेको संचार सुविधालाई रु. २,५००/२,५०० कायम गर्ने प्रस्ताव स्वीकृत गरिदिनुहुन सम्मानित शेयरधनी महानुभावहरु समक्ष अनुरोध गरिएकोमा केहि शेयरधनीहरुबाट हाल कम्पनीले विद्युत विक्रीबाट आम्दानी गर्न नसकेकाले निर्माणाधीन आयोजनाबाट विद्युत उत्पादन शुरु भए पश्चात उक्त भत्ता तथा सुविधा बृद्धिको प्रस्ताव कम्पनीको आगामी साधारण सभामा पेश गर्न सुझाव भएकोले उक्त विषय संचालकहरु बिच छलफल हुँदा शेयरधनीहरुको मनोभावना बमोजिम गर्नेगरी हाललाई स्थगन गर्ने निर्णय भएकाले कम्पनी सचिवबाट सो व्यहोरा सभामा जानकारी गराइयो ।

२. ऐन नियममा भएको प्रावधान मुताविक कम्पनीको संचालक समितिमा रहने २ जना स्वतन्त्र संचालकको मनोनयन/निर्वाचनका लागि ऐन, नियमको परिधि भित्र रही सम्भावित तथा इच्छुक व्यक्तिहरुको पहिचान गरी निजहरु मध्येबाट २ जना स्वतन्त्र संचालक नियुक्तिका लागि साधारण सभामा पेश गर्ने संचालक समितिको निर्णय भएता पनि यस अवधीमा स्वतन्त्र संचालकका लागि इच्छुक व्यक्तिहरुको पहिचान हुन नसकेकाले अर्को साधारण सभामा पेश गरिने निर्णय संचालक समितिबाट भएको व्यहोरा सभा समक्ष कम्पनी सचिवबाट जानकारी गराइयो ।

३. कम्पनीको संचालक समितिमा सर्वसाधारण शेयरधनी समुहबाट प्रतिनिधित्व गर्ने १ जना महिला सहित ४ जना संचालकको निर्वाचनका लागि कम्पनीद्धारा नियुक्त निर्वाचन अधिकृत श्री संजिव कुमार लामाद्धारा सम्पूर्ण निर्वाचनको कार्यक्रम संचालन भई सोहि दिन साँझ ७:५८ बजे कम्पनीको संचालक समितिमा सर्वसाधारण समुहबाट प्रतिनिधित्व गर्न श्री बच्चुराम रिमाल, श्री सुनौ औदी तमाङ, श्री अग्रिम रत्न शाक्य र श्री लक्ष्मी न्यौपाने गौतम निर्वाचित हुनुभएको घोषणा गर्नुभयो ।

**११. साधारण सभा समापन भएको घोषणा**

कम्पनीका अध्यक्षज्यूले शेयरधनी महानुभावहरुले महत्वपूर्ण सल्लाह र सुझाव दिई कम्पनीलाई मार्गनिर्देशन गरिदिनु भएकोमा विशेष धन्यवाद दिंदै शेयरधनीहरुको राय सल्लाह तथा सुझाव अनुसार कम्पनीले आगामी दिनमा आफ्नो कार्य गर्दै जाने विश्वास दिलाउनुका साथै सभामा उपस्थित भई सहज रुपमा सभा संचालन गर्न सहयोग गरिदिनु भएकोमा पुन: सबैलाई धन्यवाद दिंदै सभा समापन भएको घोषणा गर्नुभयो ।

........................
(नरनाथ न्यौपाने)
**कम्पनी-सचिव**

........................
(सुभाष कुमार मिश्र)
**अध्यक्ष**